# चन्द्रागिरि नगरपालिका
## चन्द्रागिरि नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
बलम्बु, काठमाडौं
प्रदेश नं. ३, नेपाल

प.सं.: २०७७/७८ (शिक्षा)
च.नं.: १६०

फोन नं. ०१-४३१५७६६
मिति : २०७८।३।२


विषयः नयाँ शैक्षिक सत्र २०७८ कार्यान्वयन सम्बन्धमा ।

सबै विद्यालयहरु,
चन्द्रागिरि नगरपालिका, काठमाण्डौ ।

शिक्षा नियमावली (संशोधनसहित) २०५९ बमोजिम चालु शैक्षिक सत्र २०७८ असार एक गतेबाट शुरु भएकोले सोको कार्यान्वयन तथा विद्यार्थी सिकाइको निरन्तरताका लागि देहायबमोजिम गर्नु गराउनु हुन सम्बन्धित सबैको जानकारीका लागि अनुरोध छ ।

१. कक्षा आठ, दश र बाह्र बाहेक अन्य कक्षाका विद्यार्थीको मूल्यांकन गर्न बाँकी रहेको भए निरन्तर विद्यार्थी मूल्यांकन र वैकल्पिक माध्यमबाट पाठ्यक्रम समायोजन ढाँचा, २०७७ अनुसार यथाशिघ्र विद्यार्थी मूल्यांकन कार्य सम्पन्न गर्ने ।

२. कक्षा आठ, दश र बाह्रबाहेकका कक्षाका विद्यार्थीका अन्तिम मूल्यांकन बाँकी रहेको भए निरन्तर विद्यार्थी मूल्यांकन र वैकल्पिम माध्यमबाट पाठ्यक्रम समायोजन ढाँचा २०७७ले तोकेबमोजिम मूल्यांकन कार्य सम्पन्न गर्ने । कक्षा आठको नगरपालिकाले र दश र बाह्रको राष्ट्रिय परीक्षा बोर्डले तोकेबमोजिम विद्यार्थी मूल्यांकन गर्ने ।

३. माथिल्लो कक्षामा अध्ययन गर्ने विद्यार्थीका लागि असार एक गतेदेखि भर्नाको अभिलेख कायम गर्ने, आफ्नो सेवा क्षेत्रभित्रका अभिभावकहरुलाई टेलिफोन वा अनलाइन माध्यमबाट सम्पर्क गरी स्थानीय प्रशासनबाट जारी आदेशलाईसमेत ध्यान दिई विद्यार्थी भर्ना गर्ने ।

४. अन्यत्र विद्यालयमा अध्ययन गर्न जान चाहने विद्यार्थीलाई स्थानान्तर प्रमाणपत्र उपलब्ध गराउने र अन्यत्र विद्यालयबाट अध्ययनका लागि आउने विद्यार्थीबाट स्थानान्तर प्रमाणपत्र लिएर मात्र भर्ना गर्ने ।

५. जनस्वास्थ्य र सुरक्षासम्बन्धी मापदण्ड र आदेशको अधिनमा रही भर्ना हुने सबै विद्यार्थीलाई पाठ्यक्रम विकास केन्द्रबाट स्वीकृत पाठ्यपुस्तक उपलब्ध गराउने । पाठ्यक्रम विकास केन्द्रबाट स्वीकृत पाठ्यक्रम, पाठ्यपुस्तक र पाठ्यसामग्री मात्र प्रयोग गर्ने ।

६. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट जारी भएको विद्यार्थी सिकाइ सहजीकरण निर्देशिका २०७७ अनुसार सिकाइ निरन्तरता कायम राख्ने ।

७. विद्यालयले दैनिक तथा वार्षिक शैक्षिक कार्यतालिका तयार गर्ने । शिक्षकहरुले शैक्षणिक योजनाहरु तयार गरी सोको आधारमा सिकाइ सहजीकरण प्रभावकारी बनाउने ।

कर्ण बहादुर भुवाजी
अधिकृत स्तर दशौं

# चन्द्रागिरि नगरपालिका
## चन्द्रागिरि नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
बलम्बु, काठमाडौं
प्रदेश नं. ३ नेपाल

फोन नं. ०१-४३१५७६६

प.सं.:............................
च.नं.:............................

मिति :.............................

८. शैक्षिक सत्र २०७८ मा कक्षा २, ३, ६ र १२ मा नयाँ पाठ्यक्रम तथा पाठ्यपुस्तक लागु भएको र स्वीकृत पाठ्यक्रम अनुसार सामाजिक अध्ययन र मानवमूल्य शिक्षालगायत नेपाली कला, संस्कृति र मौलिक पहिचानमूलक विषयवस्तुको पठनपाठनका लागि पाठ्यसामग्री र माध्यम नेपाली भाषा नै हुने व्यवस्था भएकाले सोअनुसार पठनपाठन गर्ने ।

९. सामुदायिक विद्यालयहरुले वैकल्पिक सिकाइका साधनको सुविधाका आधारमा विद्यार्थीहरुको वर्गीकरण गरी सो अनुसार विद्यार्थीहरुलाई सिकाइमा सहजीकरण गर्ने ।

१०. शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट उत्पादित र स्वीकृत शैक्षिक रेडियो कार्यक्रम, टेलिभिजन र एफएमबाट प्रसारण हुने श्रव्यदृश्य र श्रव्य पाठको सिकाइ सहजीकरणमा प्रयोग गर्ने ।

११. कोभिडको प्रकोपसँगै मनसुन र अन्य प्राकृतिक प्रकोपबाट विद्यालय, शिक्षक, विद्यार्थी र अन्य भौतिक तथा शैक्षिक सामग्रीको क्षति जोगाउन पूर्व सावधानी र उच्च सतर्कता अपनाउने ।

कर्ण बहादुर भुवाजी
अधिकृत स्तर दशौं